# लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) बैठकको निर्णयहरु:-

**संवत् २०८२ साल माघ २२ गते बिहिबार बसेको मन्त्रिपरिषद्को बैठकले देहायका मन्त्रालयका प्रस्तावका सम्बन्धमा गरेका निर्णयको मुख्य व्यहोरा निम्नबमोजिम छन् -**

१. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** आ.व. २०८२/८३ को तेस्रो त्रैमासिकका लागि अस्थायी दरबन्दी स्वीकृत गर्ने।

२. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** ज्ञान व्यवस्थापन तथा संस्थागत स्मृति हस्तान्तरण निर्देशिका,२०८२ स्वीकृत गर्ने।

३. **मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय:** सङ्घीय समपूरक र विशेष अनुदानका आयोजनाहरुको प्रस्ताव स्वीकृत गरी राष्ट्रिय योजना आयोगमा पठाउने।

४. **आर्थिक मामिला तथा योजना मन्त्रालय:** आर्थिक मामिला तथा योजना मन्त्रालयबाट लेखिआएका प्रदेश सरकार अन्तर्गत विभिन्न शिर्षकहरुमा रोक्का राखिएको बजेट फुकुवा गर्ने।

५. **कृषि, भूमी व्यवस्था तथा सहकारी मन्त्रालय:** प्रदेश सहकारी (तेस्रो संशोधन) नियमावली, २०८२ प्रस्तावका सम्बन्धमा मन्त्रिपरिषद्को प्रशासन तथा विधेयक समितिमा छलफल गरी मन्त्रिपरिषद्मा पेश गर्नेगरी उक्त समितिमा पठाउने ”

६. **वन तथा वातावरण मन्त्रालय:** प्रदेश वन ऐन, २०७८ लाई संशोधन गर्न बनेको विधेयक लुम्बिनी प्रदेश सभामा पेश गर्न स्वीकृति प्रदान गर्ने।